# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः७ संख्याः५ प्रकाशन मितिः२०८०/०९/०५

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-१**

**म्याग्दे गाउँपालिकाको नगर प्रहरी (गाउँपालिका प्रहरी) व्यावस्थापन ऐन -२०८०**

गाउँपालिकाबाट स्वीकृत मितिः२०८०/०९/०२

म्याग्दे गाउँपालिका, तनहुँ

**प्रस्तावनाः** म्याग्दे गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी गाउँपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय , सुरक्षा तथा व्यवस्था को प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, गाउँपालिका क्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र सम्वद्र्धन गर्न तथा जुनसुकै वेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल संवोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै पालिकावासीलाई स्थानीय सरकारको अनुभूती प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ (४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम म्याग्दे गाउँपालिकाको १५ औँ गाउँ सभाले यो ऐन बनाइ कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम " म्याग्दे गाउँपालिका नगर प्रहरी व्यवस्थापन ऐन, २०८०" रहेको छ ।

ख) यो ऐन गाउँ सभाद्वारा पारित भएको मिति देखि लागू हुनेछ

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "ऐन" भन्नाले म्याग्दे गाउँपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन , २०८० लाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले म्याग्दे गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "सभा" भन्नाले म्याग्दे गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

घ) " अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) " उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन वा सो ऐन अन्तर्गत बनेको नियमद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्र्छ ।

ज) "जवान" भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्र्छ ।

झ) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी सहायक निरिक्षक/हवल्दार र जवानलाई सम्झनुपर्छ।

म्याग्दे गाउँपालिका, तनहुँ

## परिच्छेद–२
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३.नगर प्रहरी सेवाको गठनः** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) नगर प्रहरी सहायक निरिक्षक/हवल्दार र जवानहरुको तलब र सेवाको अन्य शर्त कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार कार्यपालिकाको हुनेछ र कार्यपालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ

**४. गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः**

(१) गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह कार्यपालिकाले तोके बमोजिमको हुनेछ ।

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुनेछ । अन्य कार्यको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद– ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५.नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः**

(१) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यन्वयन,

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण

(३) गाउँपालिकामा हुने सभा समारोह , परम्परा तथा जात्रा , चाडपर्वको सुरक्षा , व्यवस्थापन ,

(४) गाउँपालिकाको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवथापन ,

(५) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन ,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन ,

(७) सार्वजनिक , ऐलानी र प्रति जग्गा , सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(८) गाउँपालिकाको वडा एरियाहरुमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य स्रोत साधन सहित तत्काल परिचालन हुने ।

(९) विपद् व्यवस्थापन सम्बन्धी घटनाहरुमा परिचालन भई तत्काल खोजी, उद्दार, राहत तथा पुनस्थापनामा कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

म्याग्दे गाउँपालिका, तनहुँ

(१०) अनाधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,

(११) छाडा पशु चौपायाको नियन्त्रण,

(१२) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१३) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(१४) स्थानीय स्तरका जडिवुटी तथा गैह्रकाष्ठ जन्य वन पैदावरको संरक्षण गर्ने,

(१५) प्रकृतिक स्रोत र साधनको संरक्षण गर्ने,

(१६) खानी तथा खनिज पदार्थको संरक्षण गर्ने,

(१७) वन जगंल, वन्य जन्तु, चराचुरुङ्गी तथा वातावरण संरक्षण,

(१८) नदीमा करेण्ट लगाउने, विषदी हाल्ने जस्ता अवैध कृयाकलापको नियन्त्रण,

(१९) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद– ४
## तह विभाजन र पदपूर्ति

**६. पद सिर्जना तथा दरबन्दी खारेजः**

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरुको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दरबन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सक्ने र नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि प्रचलित कानून बमोजिम संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

(४) नगर प्रहरी पद स्थायी हुने छैनन ।

(५) गा.पा.को स्रोत र क्षमताले भ्यायमा वडा कार्यालयहरुमा समेत नगर प्रहरीको क्रमशः व्यवस्था गरिनेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

### ७. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः

नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ ।

(१) नगर प्रहरी सहायक निरीक्षक / अ.स.ई.(कमण्डर)

(२) नगर प्रहरी हवल्दार (सह-कमण्डर)

(३) नगर प्रहरी जवान

### ८. नियुक्ति गर्ने अधिकारीः

पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ ।

### ९. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः

(१) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची– १ बमोजिम हुनेछ ।

(२) नगर प्रहरी हवल्दार लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची–२ बमोजिम हुनेछ ।

(३) नगर प्रहरी जवान पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची–२ बमोजिम हुनेछ ।

### १०. पदपूर्ति समितिः

कार्यपालिकाबाट पदपूर्ति समिति गठन हुनेछ नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

### ११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः

(१) दफा ७ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(२) खुल्ला प्रतियोगिताको लागि निर्धारण भएको पाठ्यक्रम अनुसार प्रश्न पत्र निर्माण गर्ने ।

(३) पदपूर्ति कार्यतालिका बनाउने ।

(४) परीक्षाको किसिम तोक्ने ।

(५) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(६) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(७) नियुक्तिका लागि सिफारिश गर्ने ।

(८) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(९) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

**१२. योग्यताक्रम सूची तयार गर्नेः**

(१) उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा पन्ध्र प्रतिशत सम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैंतीस दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) निर्णय भएको मितिले सात दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ

(५) वैकल्पिक उम्मेदवारहरुले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१३. ज्येष्ठता क्रम कायम गर्नेः**

(१) नगर प्रहरी सहायक निरिक्षक र हवल्दारको ज्येष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ ।

**१४. परीक्षणकालमा राखिनेः**

नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई छ महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा गाउँ कार्यपालिकाको निर्णय बमजिम प्रमुख प्रशासकीय अधिकृतले करार भंग गर्न सक्नेछन ।

**१५. नियुक्ति सदरः**

परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा तोकिए बमोजिमको शपथग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद ५
## आचरण

**१६. दान उपहार लिन नहुनेः**

नगर प्रहरीले गाउँपालिकाको पूर्वस्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुदैन ।

म्याग्दे गाउँपालिका, तनहुँ

**१७. चन्दा लिन नहुनेः**

कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**१८. सम्पत्तिको विवरण पेश गर्नुपर्नेः**

नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन (३) महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नुपर्नेछ ।

**१९. व्यापार व्यवसाय गर्न नहुनेः**

नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्वस्वीकृती वेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन ।

**२०. कर्तव्य पालनाको जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः**

नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरुपबाट यस ऐन वमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन ।

**२१. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः**

(१) नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमतिप्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्नहुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन ।

(२) उपदफा (१) बमोजिमको प्रकाशन वा प्रशारण पश्चात आफ्नो संगठनलाई सो को पूर्ण विवरण बारे जानकारी गराउनु पर्छ ।

**२२. गाउँपालिकाको आलोचना गर्न नहुनेः**

नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित अथवा गाउँपालिका र गाउँपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्ने गर्नुहुदैन ।

**२३. निर्वाचनमा भाग लिन नहुनेः**

नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**२४. राजनीतिमा भाग लिन नहुनेः**

नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

म्याग्दे गाउँपालिका, तनहुँ

**२५. समय पालन र नियमितताः**

नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नुपर्नेछ ।

**२६. अनुशासन र आज्ञापालनः**

(१) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ ।

(३) नगर प्रहरी कर्मचारीले Chain of command मा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

**२७. बाहिरी प्रभाव पार्न नहुनेः**

नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

२८. नगर प्रहरी कर्मचारीले कनून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

**२९. लैंगिक संवेदनशील हुनुपर्नेः** कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशील रहनुपर्नेछ ।

**३०. हातपात वा जोरजुलुम गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले आफू भन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुदैन ।

म्याग्दे गाउँपालिका, तनहुँ

## परिच्छेद– ६
## सजाय र पुनरावेदन

**३१. सजायः** मनासीव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ ।

(१) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

(२) नसिहत दिने ।

(३) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(४) लापरवाहीको कारण गाउँपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ ।

(५) एक तह तलको पदमा घटुवा गर्ने ।

(६) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(७) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**३२. नसिहत दिने वा प्रति कूल राय लेख्नेः**

नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चाल चलन सम्बन्धी प्रतिवेदनमा प्रति कूल राय लेखिनेछ ।

**३३. तलब वृद्धि वा पदोन्नति रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**३४. दर्जा र तलब घटाउनेः**

कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र म्याग्दे गाउँपालिकालाई हानि नोक्सानी पु¥याएकोमा सो समेत निज बाट भराउन सक्नेछ ।

(१) सन्तोषजनक काम नगरेमा ।

(२) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा ।

(३) आचरण उल्लंघन गरेमा ।

(४) मनासीव कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा

(५) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा ।

(६) मनासीव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा ।

(७) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**३५. सजाय सम्बन्धी कार्यविधिः**

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसंग समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सवुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको ् नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वतः निलम्वित हुनेछ

(४) दफा ३५ बमोजिम सजायको प्रकृया अवलम्बन गर्नुपूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनुपर्नेछ ।

(५) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निज पूर्ववत सेवा सुविधा पाउनेछ ।

**३६. सजायको आदेश जाँचवुझको लागि दिनेः**

काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसंग स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टिकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनुपर्नेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

## परिच्छेद ७
## पोशाक

**३७. नगर प्रहरी पोशाकः** नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**३८. प्रारम्भिक पोशाक र सामानः** नगर प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिए बमोजिमको पोशाक र सामान उपलव्ध गराइनेछ ।

**३९. जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यालयले उपलव्ध गराइनेछ ।

**४०. सेरेमोनियल पोशाकः** अधिकृत कर्मचारीहरुलाई सेरेमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराइनेछ ।

**४१. तयारी पोशाकको सुविधाः** नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलव्ध गराइने छ ।

## परिच्छेद ८
## विविध

**४२. पुरस्कार तथा प्रोत्साहनः**

गाउँपालिकाका पदाधिकारीहरुले आफु र मातहतका कर्मचारीहरूले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय प्रशंसनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ

**४३. चाडपर्व खर्च पाउनेः** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**४४. पाठ्यक्रमः** खुला पदपुर्तिको पाठ्यक्रम (नियमावली/ निर्देशिका वा कार्यविधिमा तोकिय बमोजिम हुनेछ)

**४५. बाधा अड्काउ फुकाऊः** नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**४६. नियम , निर्देशिका , कार्यविधि र मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम , निर्देशिका , कार्यविधि र आचारसंहिता बनाई लागु गर्न सक्नेछ ।

**४७. ऐन संशोधनः** यस ऐनमा आवश्यक संशोधन म्याग्दे गाउँपालिकाको गाउँ सभाले गर्न सक्नेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

**अनुसूची १**
**(दफा ९ (२) बमोजिम )**
**नगर प्रहरी सहायक निरिक्षक (अ.स.ई.) कमण्डर पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको । बहालवाला नगर प्रहरीको हकमा पुरुषको हकमा ३५ वर्ष , महिलाको हकमा ४० वर्ष ननाघेको ।

(२) मान्यता प्राप्त विद्यालयबाट एस.एल.सी. वा एस.ई.ई वा सो सरह उत्रिण गरेको ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१ इन्चदेखि ३३ इन्चसम्म , तौल ५० के.जी. भएको ।

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(११) विध्वंसात्मक कार्यमा संलग्न नरहेको।

(१२) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको ।

अनुसूची– १ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

**अनुसूची २**
**(दफा ९ (३) बमोजिम)**

**नगर प्रहरी हवल्दार र जवान पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) हवल्दारको हकमा दरखास्त फारम दर्ता गर्ने अन्तिम दिनसम्म १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको/जवानको हकमा दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको ।

(२) कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१ इन्चदेखि ३३ इन्चसम्म , तौल ५० के.जी. भएको ।

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(११) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(१२) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको ।

अनुसूची– २ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

आज्ञाले
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीयअधिकृत

म्याग्दे गाउँपालिका, तनहुँ